जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३५ २०८० साल भदौ १२ गते मंगलबार (29 Aug. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : मुख्यमन्त्रीहरुको प्रश्नः सङ्घीयता ३ पृष्ठमा : आयोजनाको पूर्ण तयारी ... ३ पृष्ठमाचन्द्रयान-३ को अनुसन्धान यात्रा...

# घुस प्रकरणमा विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश यादव निलम्बित

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव निलम्बित भएका छन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विष्णुपुर गाउँपालिकालाई पत्राचार गर्दै अध्यक्ष यादव निलम्बनमा परेको जानकारी गराएको हो ।

घुससम्बन्धी प्रकरणमा अध्यक्ष यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएर विशेष अदालतबाट म्याद थप गरी थुनामा राखेसँगै उनी निलम्वित भएका हुन् । अध्यक्ष यादवलाई भदौ ६ गते अख्तियारले घुस सम्बन्धी विषयमा सोधपुछ र अनुसनधानका लागि नियन्त्रणमा लिएको थियो ।

भदौ ७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकालाई पत्राचार गर्दै आयोग ऐन २०४८ को दफा १६( ४) बमोजिम विशेष अदालतबाट म्याद थप भइ थुनामा रहेका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक आयोग ऐन २०४८ को दफा १७ र तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ वमोजिम स्वतः निलम्बन हुने प्रावधान अनुरूप अध्यक्ष निलम्बन भएको जानकारी दिइएको हो ।




यद्पी अख्तियारले भदौं ७ गते पठाएको उक्त पत्र सोमबार विहान ११ बजे गाउँपालिकाको आधिकारीक मेलमा आएको गाउँपालिका श्रोतले जानकारी दिएको छ ।

गत साउन ३१ गते सोलार बत्ति सम्बन्धी एक योजनामा २ लाख नगद र ३ लाखको चेक घुसवापत लिंदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र कम्प्यूटर अपरेटर वीरेन्द्र यादवलाई आयोगको इटहरीस्थित कार्यालयको टोलीले राजविराजस्थित गजेन्द्र चौकको एक बस बुकिङ काउन्टरबाट नियन्त्रणमा लिएको थियो ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव र शम्भुनाथ नगरपालिका प्रमुख जितेन्द्र प्रसाद गुप्ता भ्रष्टाचारको आरोपमा निलम्वित भइसकेका छन् । दुबै जना विरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को कसुरमा कैद र जरिवानासहित विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्वित भएका हुन् ।

राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । शम्भुनाथ नगरपालिकाका मेयर गुप्ताको मुद्दा भने सुनवाईकै क्रममा रहेको छ ।

# हिन्दु धर्म र संस्कृति माथीको आक्रमण तत्कालन रोक्न माग



**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

विश्व हिन्दु युवा संघ सप्तरीले धरानमा गौ हत्या गरी भोजभतेर गरेर गौ मांस खाने घटनाका नाइकेहरुलाई अविलम्ब कानुनी कठघरामा ल्याई कानुन बमोजिम कारवाहीका साथै वैदिक सनातन हिन्दु धर्म र संस्कृति माथीको आक्रमण तत्कालन रोक्न माग गरेको छ ।

संघका जिल्ला उपाध्यक्ष रमिला साहद्वारा सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत प्रधानमन्त्रीको कार्यालयलाई बुझाइएको ज्ञापन पत्रमा गौमाता र गौ वंशको हत्या गर्नु, चोट पुऱ्याउनु संविधानः अपराध भएको उल्लेख गर्दै राज्यमा खुलेआम यस्ता अपराध हुँदा सरकार मौन बस्नु भनेको निरिह र लाचारीपन भएको ठहर गरिएको छ ।

ज्ञापन पत्रमा ठाउँ ठाउँमा भएको गौ हत्या, गौ वंशको भक्षण गरी भोजन गरी सामाजिक संजालमा भिडियो सार्वजनिक गरी बहादुरी देखाउने कार्यप्रति कारवाहीको माग पनि गरेको छ ।

ती परिस्थितिलाई नजर अन्दाज गरी विलम्ब गरे आन्दोलन गर्ने चेतावनी दिदै ज्ञापनमा उक्त दुर्घटनाको सम्पूर्ण जिम्मेवारी राज्य पक्ष हुने ज्ञापनपत्र मार्फत चेतावनी पनि दिइएको छ ।

# भ्ुण्डिएको अवस्थामा महिला मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

राजविराज नगरपालिका वडा नं. ११ फत्ती फर्सेठमा एक महिलाले घरमा पासो लगाई भ्ुण्डिएको अवस्थामा मृत फेला परेकी छिन् ।

सो वडा बस्ने ३५ वर्षिया प्रिती यादवले आइतबार आफ्नै घरमा काठको धरैनमा सलको पासो लगाई भ्ुण्डिएको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विद्यालय तथा निजि सवारी साधनले यात्रु ओसार्न थालेको गुनासो

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

विद्यालय तथा निजि सवारी साधनले यात्रु ओसार्न थालेपछी आफूहरु मर्कामा परेको भन्दै यातायात व्यवसायीहरुले उक्त प्रवृती माथी नियन्त्रणका लागि माग गरेका छन् ।

बस व्यवसायीहरुको छाता संगठन माउन्ट सगरमाथा यातायात प्रालि प्रधान कार्यालय राजविराजले सोमबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

ज्ञापनपत्रमा सरकारी निकायमा विधिवत दर्ता भई यात्रु ओसार पोसार गर्ने इजाजत पाएका यातायात व्यवसायीलाई प्रत्यक्ष मार पर्ने गरि हाल सो कार्य केही विद्यालय, निजि तथा भारतीय नम्वर प्लेटका गाडीहरुले समेत गर्न थालेपछी आफूहरुको व्यवसाय संकटमा परेको उल्लेख गरिएको छ ।

केही समय यता विद्यालय, निजि र विभिन्न काम विशेषले नेपाल प्रवेश गरेका भारतीय नम्बरका गाडी समेतले यात्रु ओसार्ने र रिजर्भमा दिन थालेपछी आफूहरुको व्यवसाय संकटमा परेको ज्ञापन पत्रमा उल्लेख गर्दै विद्यार्थी बोकेको इजाजत प्राप्त गरेका नगरका कतिपय निजि विद्यालयले आफ्ना सवारी साधन जन्ती, पिकनिक र तिर्थाटन लगायतका काममा समेत भाडामा प्रयोग गर्न थालेको जनाइएको छ ।

माउन्ट सगरमाथा यातायात प्रालिका सचिवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी किरण थापालाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रको बोधार्थ जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालय, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा पत्रकार महासंघ शाखा सप्तरीलाई समेत दिई उक्त प्रवृतीमाथी अंकुश लगाउन पहलका लागि अनुरोध गरिएको छ । यसअघि संघले गत साउन २५ गते जिल्ला प्रशासन कार्यालयमा सोही ज्ञापन बुझाएको थियो ।

# सर्पदंशबाट बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ प्रवहामा १२ वर्षिया एक बालिकाको सर्पदंशबाट मृत्यु भएको छ ।

स्थानीय दिनेश यादवकी १२ वर्षिया अर्चना कुमारी यादवलाई आइतबार आफ्नै गोठघरमा बाख्रा बाध्ने क्रममा सर्पले टोकेको थियो । सर्पको टोकाइबाट गम्भिर बिरामी भएकी उनलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ ।

उपचारकै क्रममासोही दिन उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# गाई काटेको अभियोगमा तीन पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, ११ भदौ ।**

तनहुँमा गाई काटेको अभियोगमा तीन जना पक्राउ परेका छन् । शुक्लागण्डकी नगरपालिका-६ कमलबोट बस्ने २९ वर्षीय रमेश नेपालीसमेत ३ जनालाई गाई काटेको अभियोगमा शनिबार साँझ प्रहरीले पक्राउ गरेको खुल्न आएको हो ।

नेपालीले आफ्नै घरमा पाल्दै आएको गाईलाई बारीमा लगि काट्दै गरेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले गाई काट्दै गरेको अवस्थामा फेला पारी उनीहरूलाई नियन्त्रणमा लिएको बताइएको छ । घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनबोली डटकमले जनाएको छ ।

## बालअधिकारप्रति संवेदनशील बनौं।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### तरकारीको मुल्य अकाशियो अनुगमन समिति मौन

हरियो सागसब्जी लगायत अन्य तरकारीको मुल्य अहिले अकाशिएको छ। जिल्लामा उब्जने तरकारीहरु बाहेक अन्य स्थानबाट ल्याइएको प्याज, आलु लगायत अन्य तरकारीहरु उपभोक्ताको पहुँच भन्दा बाहिर पुग्न थालेको छ। तरकारी दैनिकी आवश्यक भएकाले हैसियत भन्दा माथि उठेर उपभोक्ता अहिले किन्न बाध्य छन्। हाल अधिकांश तरकारी बाहिरबाट आयात गरिने गरिन्छ। यस सम्बन्धी आम उपाभोक्ता तरकारीको उचित मुल्य बारे थाहा पाउन सक्दैनन् अहिले बजारमा उपभोक्ताले किन्न लागेको तरकारीको भाउ पाउको दरमा बिक्रि हुने गरेको छ।

नियमित बजार अनुगमन नहुँदा तरकारीको मुल्य अनियन्त्रित हुन पुगेको छ। चाड पर्वको बेलामात्र सरकारी संयन्त्रले गर्ने गरेको बजार अनुगमन अहिले फितलो भएको छ। थोक व्यापारीहरु तरकारीको मनोमानी भाउ बढाएर उपभोक्तालाई ठग्दा समेत अनुगमन संयन्त्र मुकदर्शक बनेका छन्। यस्तै कम तौल गरेर, ढकका सट्टा ढुंगा ईटाको प्रयोग गरेर समेत उपभोक्ता ठग्ने काम भइरहेकाले नियमित रुपमा बजार अनुगमनको खाँचो रहेको छ।

तरकारी बजारको नियमित अनुगमन नहुनाले उपभोक्ता मुल्यको मारमा परिरहेका छन्। तसर्थ नियमित अनुगमनतर्फ सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ भने नजिकिँदै गरेको चाड पर्वको बेला उपभोक्तालाई थोरै भएपनि राहत पुऱ्याउनेतर्फ सरोकारवाला निकायको ध्यान जानु पनि उत्तिकै जरुरी छ।

# मुख्यमन्त्रीहरुको प्रश्न: सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माणमा किन ढिलाइ ?

**रमेश लम्साल/रासस**
काठमाडौँ, ११ भदौ।

सङ्घीयता कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण ऐन तथा कानुनको निर्माणमा भइरहेको ढिलाइप्रति मुख्यमन्त्रीहरुले चिन्ता व्यक्त गर्दै तत्काल प्रक्रिया अगाडि बढाउन र सङ्घीयतालाई बलियो बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराउनुभएको छ।

नागरिकलाई घर आँगनमै सहजरुपमा सेवासुविधा उपलब्ध गराउने उद्देश्यले ल्याइएको सङ्घीय प्रणाली पनि प्रक्रियामा फस्दै गएको, महत्वपूर्ण कानून निर्माणमा भइरहेको ढिलाइप्रति चासो व्यक्त गर्दै मुख्यमन्त्रीहरुले गत असारमा पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय पनि तत्काल कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सोमबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औँ बैठकमा सहभागी हुँदै मुख्यमन्त्रीहरुले प्रदेश सरकरालाई सबल नबाइ र हालकै अवस्थामा चल्ने अवस्था सिर्जना भए थप जटिलता पैदा हुने धारणा राख्नुभएको थियो।

प्रहरी समायोजन ऐन कार्यान्वयनमा आउन नस्क्दा प्रदेश सरकारले प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै मुख्यमन्त्रीले तत्काल सो ऐन कार्यान्वयनमा ल्याई प्रदेश सरकारलाई प्रहरी परिचालनको अधिकार दिन समेत माग गर्नुभयो। सङ्घीय संसदको अघिल्लो कार्यकालमा नै पारित भएको सो ऐन कार्यान्वयन हुन सकेको छैन।

बाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले तत्काल प्रहरी समायोजन ऐनले गरेको व्यवस्था अनुसार प्रहरी समायोजन गर्न प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराउनुभयो। उहाँले सङ्घीय निजामति ऐन, सङ्घीय शिक्षा ऐनलगायतका महत्वपूर्ण ऐन ल्याउन र प्रदेश सरकारलाई सबल बनाउन आग्रह गर्नुभयो।

नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्न अबलम्बन गरिएको प्रणालीलाई सहज र सबल बनाउन पनि महत्वपूर्ण कानुन छिटो निर्माण हुनुपर्नेमा ढिलाइ भएकाप्रति उहाँले गुनासो गर्नुभयो। मुख्यमन्त्री जम्मकट्टेलले निजामति विधेयकमा राखिएका केही प्रावधानप्रति आपत्ति प्रकट गर्दै प्रदेश सरकारमार्फत नै स्थानीय तहमा प्रमुख कार्यकारी अधिकृतलगायतका कर्मचारीको प्रबन्ध गर्न पाउनुपर्ने धारणा राख्नुभयो। उहाँले कर्णाली प्रदेश बाहेक अरु सबै प्रदेशले प्रहरी परिचालन ऐन पारित गरी तम्तयारी अवस्थामा रहेको जानकारी दिनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सुरक्षा र प्रशासन बिना प्रदेश सरकार सबल हुन नसक्ने भएकाले तत्काल प्रहरी समायोजना ऐन अनुसार प्रहरी परिचालन गर्ने अधिकार प्रदान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

मुख्यमन्त्री चौधरीले सङ्घबाट प्रदेशमा पठाइएका योजनाको स्रोत व्यवस्थापन हुन नसक्दा लामो समयदेखि आयोजना अलपत्र परेको गुनासो गर्नुभयो। यस्तै उहँले लुम्बिनी विकास कोष र राष्ट्रिय निकुञ्जहरुसँग पनि प्रदेश सरकारले समन्वय र सहकार्य गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

पाँच दश लाख रकमका योजना समेत सङ्घीय सरकारको कार्यक्षेत्रमा राखेर सङ्घीयतालाई विद्रुप पारिएका आपत्ति प्रकट गर्दै आगामी आर्थिक वर्षदेखि यस्ता विषयलाई तत्काल सम्बोधन गर्न मुख्यमन्त्री चौधरीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले गत असारको सुरुआतको प्राकृतिक विपदका कारण आफ्नो प्रदेशमा ठूलो जनधनको क्षति भएपनि हालसम्म प्रभावितले राहत नपाएकामा गुनासो गर्नुभयो। उहाँले कोशी प्रदेशको धरानलगायतका स्थानमा डेङ्गुको चरम समस्या देखिएकाले तत्काल स्वास्थ्य संकटकाल घोषणा गरी उपचारको प्रबन्ध गर्न माग गर्नुभयो।

उहाँले डेङ्गुका बिरामीलाई भुइँमा राखेर उपचार गर्नुपरेको भन्दै कोरोनाकालमा निर्माण भएको आकस्मिक अस्पताललाई तत्काल प्रदेश सरकारले सञ्चालन गर्ने वातावरण मिलाइदिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो। मुख्यमन्त्री थापाले पूर्वमा देखिएको पहिचान पक्षधरको आन्दोलनमा उठेको माग समेत सम्बोधन हुनुपर्ने माग गर्नुभयो।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आर्थिक मन्त्री भएपनि सङ्घीय सरकारले साविककै बजेट ल्याइएको भन्दै आफ्नो प्रदेशमा भने यर्थाथवादी बजेट ल्याएको बताउनुभयो। आफ्नो प्रदेशको बजेट शतप्रतिशत कार्यान्वयन गराउने योजनाका साथ लागिपरेको उल्लेख गर्दै मुख्यमन्त्री शाहले प्रभावकारी रुपमा कर्मचारीको प्रबन्ध गरिदिन प्रधानमन्त्री प्रचण्डलाई आग्रह गर्नुभयो।

उहाँले कास्की बैठकले गरेको निर्णय तत्काल कार्यान्वयन गरी सङ्घीयतालाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रहरी समायोजन एने कार्यान्वयन गर्न तथा सङ्घीयतासँग जोडिएका महत्वपूर्ण ऐन निर्माणलाई तत्काल गति दिनुपर्ने बताउनुभयो। उहाँले महकाली करिडोर, गेटा मेडिकल कलेजलगायत महत्वपूर्ण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सूचीकरण गरी गति दिनुपर्ने उल्लेख गर्नुभयो।

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णाली प्रदेशको समग्र विकासका लागि विशेष आर्थिक प्याकेजको प्रबन्ध गर्न माग गर्नुभयो। उहाँले पनि प्रहरी समायोजन ऐनलाई व्यवहारिक रुप दिई प्रदेशलाई बलियो बनाउनुपर्ने धारणा राख्नुभयो। यस्तै, कर्णाली प्रदेशका हालसम्म पनि सहज रुपमा बिजुली उपलब्ध हुन नसकेको उल्लेख गर्दै निर्माणाधिन एक सय ३२ केभी क्षमताको प्रसारण लाइन शीघ्र निर्माण सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरी समायोजन ऐन तत्काल कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। उहाँले कर्मचारी परिचालनमा देखिएको समस्या समाधान गर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काम गर्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो। बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री भने अनुपस्थित हुनुहुन्थ्यो।

# नमूना बोलपत्रको कागजात नेपाली भाषामा बनाइने

काठमाडौँ, ११ भदौ (रासस)।

सरकारले आगामी दिनमा सार्वजनिक खरिदका नमूना बोलपत्र कागजातलाई नेपाली भाषामा बनाउने भएको छ।

सार्वजनिक खरिदको प्रभावकारिता अभिवृद्धि गर्न खरिद ऐनलाई सामयिक बनाउने र सरल कार्यविधि निर्माणलाई पनि प्राथमिकतामा राख्न लागेको हो। सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीले खरिद विषय आफैँमा जटिल र प्राविधिक विषय भएकाले यो जटिलतालाई कागजातले सरल र सहज बनाउनु आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "विभिन्न सरोकारवालाका सुझावअनुरुप सरल खरिद कार्यविधि र नमूना बोलपत्र कागजातलाई नेपाली भाषामा बनाउने कामलाई प्राथमिकता दिइएको हो।" सचिव रेग्मीले खरिदको प्रभावकारिताले पुँजीगत खर्च बढ्ने मात्र नभई विकास निर्माणका काममा तीव्रता आउने हुँदा सार्वजनिक खरिदलाई वित्त व्यवस्थापनको एउटा महत्वपूर्ण पाटोका रुपमा लिइ सुधारका आवश्यक काम गर्ने क्रममा सार्वजनिक खरिद ऐनलाई पनि सामयिक बनाउन लागिएको उल्लेख गर्नुभयो।

राष्ट्रियस्तरमा प्रयोग हुने कागजातमा आउन सक्ने भाषागत समस्या निराकरण गर्न कार्यालयले त्यस्तो आवश्यकता महसुस गरेको जनाएको छ। त्यससम्बन्धी सुधार कार्यले प्रदेश र स्थानीय तहको खरिद क्षमतामा वृद्धि गर्ने र सबै सार्वजनिक निकायको खरिद क्षमतामा वृद्धि हुने कार्यालयले अपेक्षा गरेको छ।

सार्वजनिक निकायमा सबै संवैधानिक अङ्ग वा निकाय, अदालत,सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा सबै कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ का प्रवधान पालना गर्नुपर्ने बाध्यता छ। खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ट र विश्वसनीय बनाउने उद्देश्यका साथ उक्त कार्यहरु गर्न लागिएको सचिव रेग्मीले बताउंनुहुन्छ।

यसैबीच, सार्वजनिक खरिद अनुगमन कार्यालयले यही महिनाको अन्तिम साता पोखरा र हेटौँडामा प्रोक्युरमेन्ट क्लिनिक सञ्चालन गर्न लागेको छ। सार्वजनिक खरिद कार्य

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आयोजनाको पूर्ण तयारी गरेर मात्रै कार्यान्वयनमा ल्याइने

काठमाडौँ, ११ भदौ (रासस)।

विकास निर्माणको काममा देखिएको बेथिती अन्त्यका लागि आयोजना अध्ययनको चरणमा नै विद्युत्, टेलिफोनलगायतका संरचनाको स्थानान्तरण गर्ने विशेष व्यवस्था गरिने भएको छ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनमा नै आयोजनास्थलमा रहेका विद्युत् टेलिफोनलगायतका संरचनाको स्थानान्तरण गर्न आवश्यक पर्ने दायित्व भएका निकायले रकम समावेश गर्ने र त्यस्ता आयोजना कार्यान्वयनमा सहयोग पुग्ने गरी संरचना स्थानान्तरणको प्रबन्ध गर्ने निर्णय गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सोमबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ औं बैठकले विकास निर्माणका लागि कार्यस्थलमा देखिएको व्यवधान हटाउने गरी महत्त्वपूर्ण निर्णय गरेको छ। प्रधानमन्त्री 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकले विद्युत्, टेलिफोनलगायतका अन्य संरचनाको स्थानान्तरण गर्न बजेटको अभाव देखिएको तथा पूर्वाधार निर्माणमा भइरहेको ढिलाइ समाधान गर्ने निष्कर्ष निकालेको छ। आयोजनाको पूर्वतयारीकै क्रममा सम्बोधन गर्ने र सहजीकरण गर्ने भएको छ।

बैठकले विभिन्न आठ वटा निर्णय गरेको छ। त्यसमा दूरसञ्चारसम्बन्धी पूर्वाधारको सहप्रयोग गर्ने भएको छ। सरकारी निकायबाट सञ्चालित दूरसञ्चारसम्बन्धी पूर्वाधारको सहप्रयोग गरी दोहोरो लगानी घटाउने र सहरी एवं प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्नबाट जोगाइने भएको छ। त्यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तत्काल प्रस्ताव अगाडि बढाउने भएको छ।

यस्तै, त्रिभुवन विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयबीचको जनशक्ति समायोजन, क्याम्पसका लागि जग्गा व्यवस्थापन तथा भौतिक पूर्वाधारको प्रयोगका विषयमा अध्ययन गरी दुई महिनाभित्र मोडालिटी प्रस्ताव गर्ने गरी राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने संयोजकत्वका सरोकारवाला निकायका सदस्य रहने गरी कार्यदल गठन गरिने भएको छ।

लम्पी स्किन रोगका कारण प्रभावित किसानलाई राहत दिनेसम्बन्धमा समेत बैठकले विशेष निर्णय गरेको छ। त्यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यक प्रस्ताव तयार पार्नेछ। भविष्यमा पनि यस्ता रोग आउन सक्ने रोगको रोकथामका लागि पूर्वतयारी अपनाउने निर्णय गरिएको छ।

कृषियोग्य जमिनको खण्डीकरण रोक्नका लागि पनि सरकारले तीन महिनाभित्र सुझाव दिने गरी एक कार्यदल गठन गरिने भएको छ। राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय हेर्ने सदस्यको संयोजकत्वमा गठन हुने समितिमा कृषि तथा पशुपन्छी मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण र ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि समावेश गरिनेछ।

तीन वटै तहका जनशक्ति व्यवस्थापनलाई वैज्ञानिक र व्यावसायिक तुल्याउने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न पनि कार्यदल गठन गरिनेछ। सो कार्यदलले दुई महिनाभित्र प्रतिवेदन पेश गर्नेछ। बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले समितिको बैठकमा आएका समस्याभन्दा अन्य धेरै समस्या रहेकाले ती सबैलाई एकमुष्ठ सम्बोधन गर्नुपर्ने बताउनुभयो। उहाँले सामान्य तरिकाले विकास निर्माणको काम अगाडि नबढ्ने भन्दै यसमा उच्चस्तरको सुधार आवश्यक भएको बताउनुभयो।

यस्तै, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले दूरसञ्चारको संरचनाको प्रयोगका सम्बन्धमा नीति बनीसकेको र त्यसलाई छिट्टै मन्त्रिपरिषद्मा पेश गरिने बताउनुभयो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले अन्तरमन्त्रालय र अन्तरनिकायको समन्वयको अभावका विकास निर्माणको कामले गति लिन नसकेको बताउनुभयो।

वन क्षेत्रको जग्गा प्रयोग र रुख कटानका सम्बन्धमा यसअघि भएको निर्णय कार्यान्वयन हुन नसकेको र सङ्घीय संसद्मा पुगेको केही नेपाल ऐन संशोधनसम्बन्धी विधेयकमा फरक व्यवस्था गरिएकाले सुधारको आवश्यककता औल्याउनुभयो।

परराष्ट्रमन्त्री एनपी साउदले विकास निर्माणको कामलाई नयाँ तरिकाले अगाडि बढाउनुपर्ने उल्लेख गर्नुभयो। भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले बजेट निर्माण प्रक्रियामा नै कमजोरी भएकाले समस्या जस्ताको तस्तै रहेको बताउनुभयो। उहाँले निर्माण व्यवसायीलाई काम गरेबापतको भुक्तानी गर्न नसक्दा समस्या पैदा भएको उल्लेख गर्नुभयो।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले कुन सरकारले के काम गर्ने हो स्पष्ट नीतिगत व्यवस्था गर्न सुझाव दिनुभयो। बैठकमा सहरी विकासमन्त्री सीता गुरुङ, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत, कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङलगायतले मन्त्रालय मातहत सम्पादन भइरहेका काम कारबाहीमा देखिएको समस्या तत्काल समाधान गर्न आग्रह गर्नुभयो।

बैठकमा गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका महासंघ र जिल्ला समन्वय समिति महासंघलगायतका प्रतिनिधिले भोग्नुपरेको समस्याका बारेमा जानकारी गराउनुभएको थियो।

### *नमूना बोलपत्रको ...*

जटिल र प्राविधिक विषय भएकाले खरिद एकाइ र खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास तथा उनीहरुलाई सार्वजनिक खरिदका विषयमा आइपरेका समस्या समाधान गर्ने उद्देश्यले क्लिनिक कार्यक्रम सञ्चालन लागेको हो।

सार्वननिक खरिदका विषयमा आएका चुनौती सहभागीबाट व्यक्त गर्ने र विज्ञले ती समस्या समाधानका तरिका बताइदिने गरी 'प्रोक्युरमेन्ट क्लिनिक' अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्न लागेको हो। प्रोक्युरमेन्ट क्लिनिक एउटा सफल अन्तर्राष्ट्रिय अभ्यास भएकाले यस विधिबाट खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्न सकिने विश्वास गरिएको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्वार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्वार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्याँस, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### चन्द्रयान-३ को अनुसन्धान यात्रा जारी, समयको महत्वपूर्ण दौडमा प्रज्ञान रोभर : निर्देशक देसाई

अहमदाबाद, गुजरात, ११ भदौ (रासस/एएनआई)।

चन्द्रयान-३ को रोभर मोड्युल प्रज्ञान समयको दौडमा रहेको साथै पहिलो र दोस्रो उद्देश्य सफलतापूर्वक पूरा भएपछि यसको तेस्रो उद्देश्यका लागि अघि बढिरहेको भारतीय वैज्ञानिकहरूले बताएका छन्। अन्तरिक्षसम्बन्धी अध्ययन गर्ने भारतीय स्पेस अप्लिकेसन सेन्टर (एसएसी) का निर्देशक निलेश एम देसाईले चन्द्रयान-३ को रोभर मोड्युल प्रज्ञान समयको दौडमा रहेको छ पाङ्ग्रे रोभरमार्फत अज्ञात दक्षिणी ध्रुवको अधिकतम दूरी तय गर्न काम गरिरहेको बताउनुभयो। वैज्ञानिकका अनुसार चन्द्रमाको सतहमा सफ्ट ल्यान्डिङ पछि मात्र 'वास्तविक काम' सुरु हुन्छ। गत अगष्ट २३ मा चन्द्रयान-३ को ल्यान्डर मोड्युल चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गरेपछि भारतले ठूलो फड्को मारेको थियो। अमेरिका, चीन र रुसपछि चन्द्रमाको सतहमा सफलतापूर्वक अवतरण गर्ने यो चौथो देश बनेको छ। भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) को एक प्रमुख केन्द्र स्पेस एप्लिकेसन सेन्टरका निर्देशक देसाईका अनुसार चन्द्रमाको सतहमा सफ्ट ल्यान्डिङ, प्रज्ञान रोभरको गति र 'पेलोड' को माध्यमबाट विज्ञानको डाटा प्राप्त गर्ने, छ पाङ्ग्रे रोभर र ल्यान्डर विक्रमसँग जोडिएको छ। ट्रान्समिटेड डाटाको अंश पेलोडको उद्देश्य सन्देश प्राप्त गर्नु हो। "हाम्रा दुई मुख्य उद्देश्य सफलतापूर्वक पूरा भएका छन्, तर हाम्रो तेस्रो उद्देश्य जारी छ," उहाँले भन्नुभयो। प्रज्ञान रोभर समयको दौडमा रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "हाम्रो ध्यान चन्द्रमाको दक्षिणी ध्रुवको धेरै भन्दा धेरै दूरीको क्षेत्रलाई समेट्ने हो। यसबाट प्रज्ञान रोभरले थप प्रयोगहरू गर्न सक्छ र हामी पृथ्वीमा विवरण (डेटा) प्राप्त गर्न सक्छौं।"

"हामीसँग यो मिसनका लागि जम्मा १४ दिन मात्र बाँकी छ, जुन चन्द्रमामा एक दिन बराबर हो, त्यसैले चार दिन पूरा भएको छ। बाँकी दस दिनमा हामीले गर्न सक्ने थप प्रयोग र अनुसन्धान महत्वपूर्ण हुनेछ। हामी समयको दौडमा छौं किनभने यी १० दिनमा हामीले अधिकतम काम गर्नुपर्ने छ र इसरोका सबै वैज्ञानिकहरू यसमा काम गरिरहेका छन्," देसाईले भन्नुभयो। वैज्ञानिकहरूले भोग्नुपरेको कठिनाइमा जोड दिँदै उहाँले भन्नुभयो, "रोभरले चन्द्रमाको सतहमा दैनिक ३० मिटरको दूरी तय गरेकोमा १२ मिटर मात्र दूरी पार गरेको छ। यहाँ केही सेवा उपलब्ध नहुँदा रोभरको आवागमनमा पनि समस्या भइरहेको छ।"

### एक्सपेङले चिनियाँ प्रतिस्पर्धी कम्पनीलाई ७४ करोड अमेरिकी डलरमा किन्ने

बेइजिङ, ११ भदौ (रासस/सिन्ह्वा)।

चिनियाँ विद्युतीय कार कम्पनी एक्सपेङले भाडामा यातायात सेवा प्रदान गर्ने (राइड-हेलिङ्ग प्लेटफर्म) दिदीको विद्युतीय सहायक कम्पनी ७४ करोड अमेरिकी डलरभन्दा बढीमा खरिद गर्ने र नयाँ ब्रान्डका सवारी साधन सार्वजनिक गर्ने सोमबार घोषणा गरेको छ। सन् २०१५ मा दक्षिणी प्रान्त गुआङडोङमा स्थापना भएको एक्सपेङ विश्वको सबैभन्दा ठूलो कार बजारमा विद्युतीय सवारी साधनमा आएको उछालको फाइदा उठाउन हालैका वर्षहरूमा उदाएका दर्जनौं चिनियाँ कम्पनीमध्ये एक हो। दिदी चीनको अग्रणी कार-हेलिङ्ग एप हो जसले विद्युतीय सवारी डिजाइन गर्ने सहायक कम्पनी पनि सञ्चालन गर्दछ। हङकङ स्टक एक्सचेन्जलाई दिएको जानकारीअनुसार एक्सपेङले दिदीसँग ७४ करोड ४० लाख अमेरिकी डलरमा उक्त सहायक कम्पनी किन्ने सम्झौता गरेको हो। यसले दीदीसँग साझेदारी गर्दै अर्को वर्ष नयाँ ब्रान्डको विद्युतीय कारहरू बजारमा ल्याउनेछ।

चिनियाँ स्टक बजारले सम्झौताको स्वागत गरेको छ। जसले चिनियाँ निर्मातालाई सम्भावित प्रतिस्पर्धीलाई हटाउन र यसको उन्नत प्रविधिमा पहुँच प्राप्त गर्न अनुमति दिन्छ। एक्सपेङको शेयर सोमबार बिहान करिब १३ प्रतिशतले बढेको छ। सिलिकन भ्याली र एम्स्टर्डममा यसको कार्यालयहरू रहेको यस कम्पनीले युरोपमा पनि आफ्ना केही उत्पादनहरूको बजारीकरण गर्छ र करिब १४ हजार ४०० मानिसहरूलाई रोजगार दिँदै आएको छ। सिलिकन भ्याली र एम्स्टर्डममा यसको कार्यालयहरू छन्। एक्सपेङले सन् २०२३ को पहिलो छ महिनामा ४१ हजार ४३५ वटा गाडी बिक्री गरेको छ, जुन गत वर्षको तुलनामा ४० प्रतिशतले कम हो। हरितगृह ग्यास उत्सर्जन गर्ने विश्वकै सबैभन्दा ठूलो देश चीनले सन् २०३५ सम्ममा अधिकांश कार बिक्री विद्युतीय र हाइब्रिड बनाउने लक्ष्य राखेको छ।बीवाईडी, नियो, एक्सपेङ र अन्य फर्मजस्ता कम्पनीहरूद्वारा सञ्चालित उदार खरीद अनुदानले हालैका वर्षहरूमा विद्युतीय सवारी साधानको उत्पादनमा उछाल ल्याएको छ।

### अमेरिकालाई सूचना दिएको आरोपमा अमेरिकी वाणिज्य दूतावासका पूर्वकर्मचारीलाई पक्राउ

मस्को, ११ भदौ (रासस/एएफपी)।

युक्रेन द्वन्द्वबारे अमेरिकी कूटनीतिज्ञलाई सूचना दिएको आरोपमा मस्कोले भ्लादिभोस्तोकस्थित अमेरिकी वाणिज्य दूतावासका पूर्वकर्मचारी रहेकारूसी नागरिकलाई पक्राउ गरेको छ।सङ्घीय सुरक्षा सेवा (एफएसबी) ले एक विज्ञप्ति जारी गर्दै रोबर्ट रोबर्टोभिच शोनोभलाई मस्कोस्थित अमेरिकी दूतावासका लागि सूचनादाता भएको आरोप लगाएको छ।मस्को र वासिङ्टनबीचको तनावपूर्ण सम्बन्ध, विशेषगरी युक्रेनमा जारी द्वन्द्वलाई लिएर दबाब सिर्जना गर्ने कूटनीतिक विवादको शृङ्खलाको यो पछिल्लो घोषणा हो।

एफएसबीका अनुसार शोनोभले गत वर्ष सेप्टेम्बरमा अमेरिकी कूटनीतिज्ञहरूलाई द्वन्द्व र परिचालनबारे शोनोभलाई अर्को वर्ष हुने राष्ट्रपतीय चुनावअघि रूसका क्षेत्रहरूमा विरोधको भावना मापन गर्ने जिम्मेभले मस्कोस्थित अमेरिकी दूतावासको राजनीतिक विभागका दुई कूटनीतिज्ञ जेफरी सिलिन र डेभिड बर्नस्टिनलाई सोधपुछ गर्ने योजना बनाएको एफएसबीले जनाएको छ। रुस र पश्चिमा देशहरू, विशेष गरी संयुक्त राज्य अमेरिकाबीच कूटनीतिक तनाव केही वर्षदेखि बिग्रँदै गएको छ र दुवै पक्षले एक अर्कालाई कूटनीतिक सुविधाहरूमा कर्मचारी सङ्ख्या कटौती गर्न आदेश दिएका छन्, जसले उनीहरूको कार्यहरूमा बाधा पुऱ्याएको छ।

# प्रशासनले एकलौटी रुपमा शुल्क लिएको भन्दै क्याम्पस प्रमुखसहित चार प्राध्यापक कार्यकक्षमा थुनिए



**दैनिक समाचारदाता**
**काठमाडौं, ११ भदौ ।**

विराटनगरस्थित महेन्द्र मोरङ आर्दश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख बाबुराम तिमल्सिनासहित चार जना प्राध्यापक कार्यकक्षमा थुनिएका छन् ।

व्यवस्थापन संकाय अन्तर्गत बि.बि.एम., बि.पि.एस., बि.बि.ए मा अध्ययनरत विद्यार्थीहरुको प्रोजेक्ट रिपोर्टको एक हजार रुपैयाँदेखी तीन हजार रुपैयाँसम्म क्याम्पस प्रशासनले एकलौटी रुपमा शुल्क लिएको भन्दै विद्यार्थी संगठनहरुले सोमबार क्याम्पस प्रमुख बाबुराम तिमल्सिना सहित ४ जना प्राध्यापकहरुलाई कार्यकक्षमा थुनेका हुन् ।

स्वतन्त्र विद्यार्थी युनियन ( स्ववियु) र महेन्द्र मोरङका विद्यार्थीहरुले क्याम्पस प्रमुख तिमल्सिना, सहायक क्याम्पस प्रमुख शिव नारायण चौधरी, बि.बि.एको कोअर्डिनेटर रामनारायण दास, बि.बि.एमका कोअर्डिनेटर इन्द्रनारायण देवलाई कार्यकक्षमा थुनि दिएका हुन् ।

ईन्टर्नसिप रिपोर्टको शुल्क यसअगाडी एक हजार रुपैयाँ क्याम्पसले लिदै आएको थियो । केही दिन अगाडिदेखि क्याम्पस प्रशासनले आफुखुसी तीन हजार रुपैयाँ शुल्क वृद्धि गरेपछि शिक्षकहरुलाई कार्यकक्षमा थुनिदिएको स्ववियु सभापति जसवन्त पौडेलले जानकारी दिए ।

'विद्यार्थीहरूलाई जानकारी बिना क्याम्पस प्रशासनले आफुखुसी शुल्क वृद्धि गरेपछि हामीले यसअघि निर्णाय सच्याउन भनेका थियौं,' उनले भने, 'क्याम्पस प्रशासनले वृद्धि भएको शुल्क नघटाएपछि हामीले क्याम्पस प्रमुखसहित शिक्षकहरुलाई कार्यकक्षमा थुनिदिएका छौं ।'

विद्यार्थीहरुले ईन्टर्नसिप रिपोटको साविकको शुल्क कायम गरिनु पर्ने भन्दै यसअघि २४ घण्टाको समय दिएको थियो । क्याम्पसले शुल्क नघटाएपछि तालाबन्दी गरेको थियो । त्यसपछि अहिले आएर विद्यार्थीहरुले क्याम्पस प्रमुखसहित शिक्षकहरुलाई कार्यकक्षमा थुनेका हुन् ।

# अनेम संघ क्रान्तिकारीको जिल्ला सम्मेलन सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) सप्तरीको पाचौ जिल्ला सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनका प्रमुख अतिथी मगरले नेकपा (माओवादी केन्द्र) ले जनतासँग माओवादी विशेष रुपान्तर तीन महिने अभियानमा सम्पुर्ण नेता क्रियाशिल हुने बताइन ।

उनले महिला माथी हुने सबै प्रकारको हिंसा विरुद्ध आम महिला लाग्नु पर्नेमा जोड दिइन । महिला माथी हुने गरेको महिला हिंसा, बोक्सीको आरोप, दाइजो प्रथा लगायतको विकृती विसंगती विरुद्ध अनेम संघ (क्रान्तिकारी) अवाज उठाउने गरेको बताईन ।

अनेम संघ (क्रान्तिकारी) सप्तरीका संयोजक राज कुमारी चौधरीको अध्यक्षता तथा अनेम संघ (क्रान्तिकारी) का केन्द्रिय अध्यक्ष अमृता थापा मगरको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनमा मधेस प्रदेश सभा सदस्य मालाकुमारी कर्ण, संविधान सभा सदस्य लक्ष्मी चौधरी, मधेश प्रदेश सरकारका पुर्व राज्यमन्त्री रुवी कर्ण, पुर्व प्रदेश सदस्य प्रमिला यादवलगायत महिला नेतृले आ-आफ्नो शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

# प्रतिनिधिसभा अन्तर्गतका १० वटै समितिका सभापति निर्विरोध निर्वाचित

काठमाडौं, ११ भदौ (रासस) ।

प्रतिनिधिसभाअन्तर्गतका १० वटै समितिमा सभापति निर्विरोध निर्वाचित हुनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतका समितिको सभापतिका लागि आइतबार उम्मेदवारी प्रस्ताव दर्ता भएका थिए । नौ वटा विषयगत समितिमा एकल उम्मेदवारी र एउटा समितिको सभापतिमा दुईजनाको उम्मेदवारी प्रस्ताव दर्ता भएको थियो ।

एकल उम्मेदवारी प्रस्ताव आएका समितिमा स्वतः सभापति घोषणा हुनुभएको छ । साथै उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि जनमतका अब्दुल खान र राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीको उम्मेदवारी दर्ता गर्नुभएकोमा पराजुलीले फिर्ता गरिसकेपछि खान निर्वाचित हुनुभएको हो । सभापति घोषणासँगै सोमबारै सपथ ग्रहणको तयारी भइरहेको संसद सचिवालय गरेको छ ।

अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादीका राजकिशोर यादव निर्वाचित हुनुभएको छ । त्यस्तै, कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा नेकपा (माओवादी केन्द्र)का विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा कांग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडा निर्वाचित हुनुभएको छ ।

त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा नेकपा (एकीकृत समाजवादी)का भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा नेकपा (एमाले)का ऋषिकेश पोखरेलको निर्वाचित हुनुभएको हो । प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिले पूर्णता पाएका हुन् ।

# विदेश पाठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं, ११ भदौ (रासस) ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउपर्नेमा नवलपरासी देवचुली नगरपालिका-८ घर भई कठमाडौं टोखा नगरपालिका-३ बस्ने ३० वर्षीय समिर आलेमगर, रामेछाप उमाकुण्ड गाउँपालिका-१ घर भई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटार बस्ने ३५ वर्षीया शर्मिला सुनुवार, सल्यान कपुरकोट गाउँपालिका-३ घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-१ बस्ने ५१ वर्षीय जगतबहादुर खड्का र कास्की पोखरा महानगरपालिका घर भई ललितपुर महानगरपालिका-१४ नख्खीपोट बस्ने ४० वर्षीया तारा गुरुङ रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक मिलन केसीले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ परेकामध्ये मगरले दुई जनालाई क्यानडा पठाई प्रतिष्ठित मार्केटमा मासिक रु दुई लाख तलबमा काम लगाइदिने भन्दै पीडितबाट रु पाँच लाख ४५ हजार, सुनुवारले एक जनालाई क्रोएसिया पठाई फुड प्याकिङमा मासिक रु एक लाख तलबमा काम लगाइदिने भन्दै पटक-पटक गरी रु दुई लाख, खड्काले एक जनालाई कुवेत पठाई बाइक राइडरमा मासिक रु पचास हजार तलबमा काम लगाइदिने भन्दै रु एक लाख ९४ हजार र गुरुङले एक जनालाई नेदरल्याण्ड पठाई सुपर मार्केटमा मासिक रु एक लाख तलबमा काम लगाइदिने भन्दै गरी रु तीन लाख ४५ हजार ठगी गरेको आरोपमा पक्राउ गरिएको हो ।

मगरलाई काठमाडौँको टोखाबाट, सुनुवारलाई काठमाडौँको मनोहराबाट तथा खड्कालाई काठमाडौँकै सामाखुशीबाट शुक्रबार र गुरुङलाई ललितपुर नख्खिपोटबाट आइतबार पक्राउ गरिएको थियो । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि ताहाचलस्थित वैदेशिक रोजगार विभागमा पठाइएको प्रहरी उपरीक्षक केसीले बताउनुभयो ।

# राष्ट्रपतिद्वारा विभिन्न देशमा राजदूत नियुक्त

काठमाडौं, ११ भदौ (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले सुधीर भट्टराईलाई गणतन्त्र फ्रान्सका लागि नेपालको आवासीय राजदूत पदमा, तेजबहादुर क्षेत्रीलाई संयुक्त अरब इमिरेट्सका लागि नेपालको आवासीय राजदूत पदमा र घनश्याम लम्साललाई कुवेतका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त गर्नुभएको छ ।

राष्ट्रपति पौडेलले उहाँहरुलाई सोमबार नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नियुक्त गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*